चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम भाग)
कर्णाली प्रदेश, नेपाल
२०७३

मिति :- २०८२/११/२७ गते

समय :- बिहान ठीक १०:०० बजेदेखि

स्थान :- चौरजहारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय

चौरजहारी नगरपालिका, नगर कार्यपालिकाको **५९ औं बैठक** नगर प्रमुख श्री पुष्प वादीज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा देहाय बमोजिम निर्णय गरियो ।

<u>उपस्थिति</u>

| क्र.सं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | पुष्प वादी | नगर प्रमुख | |
| २ | इश्वरी कुमारी शर्मा (बि.एम.) | उप प्रमुख | |
| ३ | इन्द्रे गिरी | वडा अध्यक्ष - वडा नं. १ | |
| ४ | विरबहादुर राना | वडा अध्यक्ष - वडा नं. २ | |
| ५ | लालबहादुर बुढा | वडा अध्यक्ष - वडा नं. ३ | |
| ६ | गोपालबहादुर भण्डारी | वडा अध्यक्ष - वडा नं. ४ | |
| ७ | खुमबहादुर खड्का | वडा अध्यक्ष - वडा नं. ५ | |
| ८ | जयप्रकाश बोहरा | वडा अध्यक्ष - वडा नं. ६ | |
| ९ | भिमप्रसाद जैसी | वडा अध्यक्ष - वडा नं. ७ | |
| १० | शशिराम वि.क. | वडा अध्यक्ष - वडा नं. ८ | |
| ११ | नरबहादुर मल्ल | वडा अध्यक्ष - वडा नं. ९ | |
| १२ | विरेन्द्र रोकाय | वडा अध्यक्ष - वडा नं. १० | |
| १३ | तुल्से वली | वडा अध्यक्ष - वडा नं. ११ | |
| १४ | टिकाराम ओली | वडा अध्यक्ष - वडा नं. १२ | |
| १५ | श्रीकृष्ण शर्मा | वडा अध्यक्ष - वडा नं. १३ | |
| १६ | थलबहादुर कवर | वडा अध्यक्ष - वडा नं. १४ | |
| १७ | उमादेवी सुनार | कार्यपालिका सदस्य | |
| १८ | पुतला पुन (मल्ल) | कार्यपालिका सदस्य | |
| १९ | भिमा थापा | कार्यपालिका सदस्य | |
| २० | मिना के.सी. | कार्यपालिका सदस्य | |
| २१ | लक्ष्मी सुनार | कार्यपालिका सदस्य | |
| २२ | तुलाराम सुनार | कार्यपालिका सदस्य | |
| २३ | विमला नेपाली | कार्यपालिका सदस्य | |
| २४ | देवेन्द्र कुमार सुनार | कार्यपालिका सदस्य | |
| २५ | शेरप्रसाद ढकाल | सचिव | |

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम भाग)
कर्णाली प्रदेश, नेपाल

## मिति २०८२/११/२७ गतेको नगर कार्यपालिकाको ५९ औं बैठकका सङ्क्षिप्त निर्णयहरू

| क्र.स. | प्रस्ताव | निर्णयको सङ्क्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|
| १ | यसअघि भएका निर्णयहरूको कार्यान्वयनको अवस्था समीक्षा गर्ने सम्बन्धी प्रस्ताव। | यसअघि भएका निर्णयहरूको कार्यान्वयनको अवस्था समीक्षा गर्ने। | |
| २ | योजना तथा कार्यक्रमहरूको अनुगमन सुपरीवेक्षणको मासिक प्रतिवेदन सम्बन्धी प्रस्ताव। | नगर उपप्रमुख श्री ईश्वरीकुमारी शर्मा, बि.एम्.ले पेस गर्नु भएको योजना अनुगमन तथा सुपरीवेक्षण प्रतिवेदन उपर छलफल गरी सुझाव कार्यान्वयन गर्ने। | |
| ३ | प्रदेश समपूरक र विशेष अनुदानका लागि प्रस्ताव पेस गर्ने सम्बन्धी प्रस्ताव | कर्णाली प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयको सूचनाबमोजिम समपूरक र विशेष अनुदानका लागि समपूरक गर्ने प्रतिवद्धतासहित आयोजना वा कार्यक्रम प्राथमिकताका आधारमा प्रस्ताव पेस गर्ने। | |
| ४ | सडक बोर्डबाट प्राप्त बजेट कार्यान्वयन गर्ने सम्बन्धी प्रस्ताव | विजयश्वरी डाँडा – नगरपालिका कार्यालय सडक स्तरोन्नती शीर्षकको आयोजनामा उक्त बजेट कार्यान्वनय गर्न स्वीकृत गरी सहमति प्रदान गर्ने। | |
| ५ | कन्टेन्जेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि, २०८२ स्वीकृत गर्ने सम्बन्धी प्रस्ताव | कन्टेन्जेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि, २०८२ मा दफावार छलफल पश्चात् स्वीकृत गरी कार्यान्वनय गर्ने। | |
| ६ | आर्थिक विकास समितिको निर्णय अनुमोदन सम्बन्धी प्रस्ताव | आर्थिक विकास समितिको मिति २०८२ फागुन २६ गतेको बैठकको निर्णयबाट छनोट भएका लाभग्राहीहरू अनुमोदन गरी कार्यक्रम कार्यान्वनय गर्ने। | |
| ७ | आयोजनाको प्रस्ताव विवरण उपलब्ध गराउने सम्बन्धी प्रस्ताव | स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय सुर्खेतको मिति २०८२ फागुन २६ गतेको पत्रानुसार आर्थिक वर्ष २०८३/०८४ का लागि सडक र सडक पुलको विवरण लेखि पठाउने। | |
| ८ | पुनर्निमार्ण सम्बन्धी प्रस्तावमा | सम्बन्धित वडा कार्यालयहरूले सम्झौता हुन बाँकी लाभग्राहीहरूको यथाशीघ्र सम्झौता गर्ने व्यवस्था मिलाइ सम्झौता भएका लाभग्राहीहरूको पहिलो किस्ता वापतको रकम माग गर्ने। | |
| ९ | टोल विकास संस्था गठन गरी कार्यक्रम कार्यान्वनय गर्ने सम्बन्धी प्रस्ताव | चैत्र मसान्तभित्र चौरजहारी नगरपालिकाको टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०७७ बमोजिम गठन गरी त्यसको जानकारी अनिवार्य रुपमा नगरपालिकाको प्रशासन, योजना तथा अनुगमन शाखामा पठाउने। | |

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम भाग)
कर्णाली प्रदेश, नेपाल
२०७२

| क्र.स. | प्रस्ताव | निर्णयको सङ्क्षिप्त व्यहोरा | कैफियत |
| --- | --- | --- | --- |
| १० | नेपाल विद्युत प्राधिकरणलाई जग्गा उपलब्ध गराउने सम्बन्धी प्रस्ताव | ९९५ KW क्षमताको सौर्य विद्युत उत्पादन प्लान्ट जडान गर्न करिब ३० रोपनी जग्गा उपलब्ध गराउन भनि अनुरोध भइ आएकोले सोही कार्यका लागि चौरजहारी नगरपालिका १ को टिकाचौरमा रहेको जग्गा उपलब्ध गराउन आवश्यक कानुनी प्रक्रियाका लागि प्रस्ताव पेस गर्ने। | |
| ११ | हरित जहारीखोला कार्यक्रम शीर्षकको बजेट कार्यान्वनय सम्बन्धी प्रस्ताव | हरित जहारीखोला कृषि आयआर्जन कार्यक्रम कार्यान्वनय कार्यविधि, २०८१ बमोजिम हुने गरी कार्यविधिको दफा ७ (१) बमोजिम वडा नं. ८ मा कार्यान्वनय गर्ने। | |
| १२ | लक्षित वर्ग कार्यक्रम कार्यान्वनय कार्यविधि, २०८२ स्वीकृत गर्ने सम्बन्धी प्रस्ताव | चौरजहारी नगरपालिकाको लक्षित वर्ग कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ स्वीकृत गरी राजपत्रमा प्रकाशन र कार्यान्वनय गर्ने। | |

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम भाग)
कर्णाली प्रदेश, नेपाल
२०७३

**मिति २०८२/११/२७ गतेको ५९ औं नगर कार्यपालिकाको बैठकका निर्णयहरू**

**निर्णय नं. १ : प्रस्ताव नं. १ 'यसअघि भएका निर्णयहरूको कार्यान्वयनको अवस्था समीक्षा गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिका, नगर कार्यपालिका बैठकबाट यसअघि भएका निर्णयहरूको कार्यान्विनयन अवस्थाको सम्बन्धमा समीक्षा गरियो । साथै यस अधिका कार्यान्वयन हुन बाँकी निर्णयहरूलाई तत्काल कार्यान्वयन गर्न सम्बन्धित शाखा, वडा कार्यालय निकायलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. २** : प्रस्ताव नं. २ **'योजना तथा कार्यक्रमहरूको अनुगमन सुपरीवेक्षणको मासिक प्रतिवेदन सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिकाबाट विनियोजन भएका योजना तथा कार्यक्रमहरू कार्यान्वयनको अवस्था बारे नगर उपप्रमुख श्री ईश्वरीकुमारी शर्मा, बि.एम्.ले पेस गर्नु भएको योजना अनुगमन तथा सुपरीवेक्षण प्रतिवेदन उपर छलफल गरी सुझाव कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३** : प्रस्ताव नं. ३ **'प्रदेश समपूरक र विशेष अनुदानका लागि प्रस्ताव पेस गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा आर्थिक मामिला तथा योजना मन्त्रालयको मिति २०८२/११/०१ गते प्रकाशित कर्णाली प्रदेश समपूरक अनुदान र विशेष अनुदान अन्तर्गत स्थानीय तहबाट आर्थिक वर्ष २०८३/०८४ मा सञ्चालन गरिने आयोजना / कार्यक्रमका लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना र कर्णाली प्रदेश समपूरक अनुदान सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८१ र विशेष अनुदान (पहिलो संशोधन) सम्बन्धी कार्यविधि, २०८१ मा भएको व्यवस्थाबमोजिमका सर्तहरू पालना गर्नुका साथै समपूरक अनुदानका लागि गरिएको वर्गीकरणमा यस चौरजहारी नगरपालिका 'ख' वर्गमा परेकोले ५० प्रतिशतले हुन आउने रकम समपूरक गर्ने प्रतिवद्धतासहित **अनुसूची १** बमोजिमका आयोजना वा कार्यक्रम प्राथमिकताका आधारमा प्रस्ताव पेस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४** : प्रस्ताव नं. ४ **'सडक बोर्डबाट प्राप्त बजेट कार्यान्वयन गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा 'आर्थिक वर्ष २०८२/०८३ को सडक बोर्ड नेपाल अन्तर्गतको वार्षिक कार्यक्रम स्वीकृत गर्ने सम्बन्धी प्रस्तावमा' छलफल गर्दा सडक बोर्ड नेपालको चलानी नं. ६७८ मिति २०८२ पुस २८ गतेको पत्रमा आर्थिक वर्ष २०८२/०८३ मा स्थानीय सडक मर्मत सम्भार **कार्यको** लागि बजेट उपशीर्षक नं. ३३७३१०११३ अन्तर्गत बोर्डको कार्यकारी समितिको २०८२ पुस २४ गतेको निर्णयानुसार यस चौरजहारी नगरपालिका रुकुम (पश्चिम) लाई रु. १५,००,०००। (पन्ध्र लाख) बजेट स्वीकृत गरी पठाएकोले सडक बोर्ड नियमावली, २०६० परिच्छेद ३ को नियम (९) बमोजिम ३० प्रतिशतले हुन आउने रकम ४,५०,००० । (चार लाख पचास हजार) समपूरक गरी कुल १९,५०,०००। (उन्नाइस लाख पचास हजार) रकमको बजेट स्वीकृत गरी विजयश्वरी – मालिका सडक स्तरोन्नती शीर्षकको आयोजनामा उक्त बजेट कार्यान्वनय गर्न स्वीकृत गरी सहमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५** : प्रस्ताव नं. ५ **'कन्टेन्जेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि, २०८२ स्वीकृत गर्ने सम्बन्धी प्रस्तावमा' छलफल गर्दा** नगरपालिकालाई प्राप्त हुने विशेष, सशर्त एवम् समपूरक अनुदानका साथै नगरपालिकाले वार्षिक रूपमा स्वीकृत गरी कार्यान्वयन गर्नुपर्ने आयोजना तथा कार्यक्रमहरूबाट नियमानुसार कट्टा गरी हुन आउने कन्टेन्जेन्सी रकमलाई व्यवस्थित, प्रभावकारी तथा उपयुक्त एवम् मितव्ययी तरिकाले खर्च गर्न तयार गरिएको कन्टेन्जेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि, २०८२ मा दफावार छलफल पश्चात् स्वीकृत गरी कार्यान्वनय गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६** : प्रस्ताव नं. ६ 'आर्थिक विकास समितिको निर्णय अनुमोदन सम्बन्धी प्रस्तावमा' छलफल गर्दा बाख्रा पकेट विकास निरन्तरता सञ्चालनका लागि प्रस्ताव आह्वान गरेकोमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

शेषप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत



पुष्प वादी
नगर प्रमुख

कार्यान्वयन म्यानुअल २०७७ (पहिलो संशोधन २०८१ सहित) को आधारमा आर्थिक विकास समितिको मिति २०८२ फागुन २६ गतेको बैठकको निर्णयबाट छनोट भएका लाभग्राहीहरू अनुमोदन गरी कार्यक्रम कार्यान्वनय गर्ने निर्णय गरियो।

निर्णय नं. ७ : प्रस्ताव नं. ७ **'आयोजनाको प्रस्ताव विवरण उपलब्ध गराउने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय सुर्खेतको पत्र सङ्ख्या २०८२/०८३ चलानी नं. १८४ मिति २०८२ फागुन २६ गतेको पत्रानुसार आर्थिक वर्ष २०८३/०८४ का लागि अनुसूची २ बमोजिमका सडक र सडक पुलको विवरण लेखि पठाउने निर्णय गरियो।

**निर्णय नं. ८ : प्रस्ताव नं. ८ 'पुनर्निमार्ण सम्वन्धी प्रस्तावमा'** छलफल गर्दा २०८० कार्तिक १७ गते जाजरकोट रामीडाँडा केन्द्रविन्दु भइ गएको विनासकारी भूकम्पबाट क्षति भएका निजी आवासहरूको पुनर्निमार्णका लागि 'विपद् प्रभावित निजी आवास प्रबलिकरण, पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०८१' बमोजिम कायम भएका लाभग्राहीहरूको निजी आवास प्रबलिकरण, पुनर्निर्माण तथा पुनर्स्थापनाका लागि हालसम्म भएको प्रगति समीक्षा गरियो। सम्बन्धित वडा कार्यालयहरूले सम्झौता हुन बाँकी लाभग्राहीहरूको यथाशीघ्र सम्झौता गर्ने व्यवस्था मिलाइ सम्झौता भएका लाभग्राहीहरूको पहिलो किस्ता वापतको रकम माग गर्ने निर्णय गरियो।

निर्णय नं. ९ : प्रस्ताव नं. ९ **'टोल विकास संस्था गठन गरी कार्यक्रम कार्यान्वनय गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिका क्षेत्रभित्र अविच्छिन्न उत्तराधिकारीवाला संस्थाको रूपमा टोल भित्रका समग्र क्रियाकलापहरू सक्रिय, जिम्मेवार र जवाफेही रुपमा कार्यान्वनय गर्न आर्थिक वर्ष २०८३/०८४ देखि अनिवार्य गर्ने र त्यसका लागि सबै वडा कार्यालयहरूले चैत्र मसान्तभित्र चौरजहारी नगरपालिकाको टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०७७ बमोजिम गठन गरी त्यसको जानकारी अनिवार्य रुपमा नगरपालिकाको प्रशासन, योजना तथा अनुगमन शाखामा पठाउने निर्णय गरियो।

निर्णय नं. १० : प्रस्ताव नं. १० **'नेपाल विद्युत प्राधिकरणलाई जग्गा उपलब्ध गराउने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा नेपाल विद्युत प्राधिकरणको पत्र सङ्ख्या २०८२/०८३ चलानी नं. १७ मिति २०८२ माघ १० गतेको पत्रानुसार ९९५ KW क्षमताको सौर्य विद्युत उत्पादन प्लान्ट जडान गर्न करिब ३० रोपनी जग्गा उपलब्ध गराउन भनि अनुरोध भइ आएकोले सोही कार्यका लागि चौरजहारी नगरपालिका १ को टिकाचौरमा रहेको रहेको जग्गा उपलब्ध गराउन आवश्यक कानुनी प्रक्रियाका लागि प्रस्ताव पेस गर्ने निर्णय गरियो।

निर्णय नं. ११ : प्रस्ताव नं. ११ **'हरित जहारीखोला कार्यक्रम शीर्षकको बजेट कार्यान्वनय सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत क्र.स. ११८ बजेट सङ्केत नं. ३११३१ मा उल्लेखित 'हरित जहारीखोला कार्यक्रम' शीर्षकमा विनियोजित रकम रु. ९ लाखलाई 'हरित जहारीखोला कृषि आयआर्जन कार्यक्रम कार्यान्वनय कार्यविधि, २०८१ बमोजिम हुने गरी कार्यविधिको दफा ७ (१) बमोजिम वडा नं. ८ मा कार्यान्वनय गर्ने निर्णय गरियो।

निर्णय नं. १२ : प्रस्ताव नं. १२ **'लक्षित वर्ग कार्यक्रम कार्यान्वनय कार्यविधि, २०८२ स्वीकृत गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिकाको लक्षित वर्ग कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ स्वीकृत गरी राजपत्रमा प्रकाशन र कार्यान्वनय गर्ने निर्णय गरियो।

**यसरी आजको बैठक शान्त र सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो।**

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख

२

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम भाग)
कर्णाली प्रदेश, नेपाल
२०७३

अनुसूची १

**(निर्णय नं. ३ सँग सम्बन्धित)**

आर्थिक वर्ष २०८३/०८४ को लागि कर्णाली प्रदेश सरकारबाट प्राप्त हुने समपूरक र विशेष अनुदानतर्फ छनोट गरिएका योजनाहरूको विवरण

| प्राथमिकता क्रम नं. | आयोजनाको विवरण | आयोजा कार्यान्वयन हुने स्थान | लागत अनुमान |
|---|---|---|---|
| | **समपूरक अनुदानतर्फ** | | |
| १ | नाख्ला सौर्य पोखरी तिमीले खलाटाकुरी घुघुती सडक निर्माण तथा स्तरोन्नती | चौरजहारी नगरपालिका-१३, रुकुम (पश्चिम भाग) | १ करोड |
| २ | हिमालय मा.वि. खोलागाउँ आवाशीय छात्रबास निर्माण | चौरजहारी नगरपालिका-११, रुकुम (पश्चिम भाग) | १ करोड ९२ लाख |
| ३ | विजयश्वरी देखि नगरपालिका कार्यालय जोड्ने सडक स्तरोन्नती | चौरजहारी नगरपालिका-२, रुकुम (पश्चिम भाग) | १ करोड |
| | **विशेष अनुदानतर्फ** | | |
| १ | दलित महिला आयआर्जन कार्यक्रम | चौरजहारी नगरपालिका, रुकुम (पश्चिम भाग) | ६० लाख |
| २ | दलित तथा लोपोन्मुख समुदायका विद्यार्थी अध्ययनरत हिमालय मा.वि. र आ.वि. नाखिरा बालविकास कक्षाकोठा व्यवस्थापन | चौरजहारी नगरपालिका, १ र ११ रुकुम (पश्चिम भाग) | ६० लाख |
| ३ | टाटा लामागारे नगर अस्पताल सडक निर्माण | चौरजहारी नगरपालिका १० रुकुम (पश्चिम भाग) | ६० लाख |

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख

अनुसूची २

(निर्णय नं. ७ सँग सम्बन्धित)

| क्र स | आयोजनाको नाम | किसिम (सडक / सडक पुल) | लम्बाइ | लागत अनुमान रु. | DPR / IEE/ EIA/ अन्य पूर्व तयारीको विवरण | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | मनकोट खहरे लहरेसिमल खोलागाउँ नुवाकोट सडक | सडक | ३४ कि.मी. | ३० करोड | DPR नयाँ सहर आयोजना कार्यालयबाट भएको | |
| २ | चिप्लेटी खागल तिमीले झुलनेटा सडक | सडक | ३६ कि.मी. | ५० करोड | | |
| ३ | चिन्नेबगर चौफा मोटरेबल पुल | सडक पुल | ४० मीटर २ वटा स्पान | ८ करोड | | |

**परामर्शतर्फ**

| क्र स | आयोजनाको नाम | किसिम (सडक / सडक पुल) | लम्बाइ / स्पान | Walkover Servey / Feasibility Study / DPR / EIA/ BES तथा अन्य परामर्श कार्य | आवश्यक रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | शान्तिबजार कात्तेखोला मोटरेबल पुल चौरजहारी ५ र ६ | सडक पुल | ८० मी. ४ स्पान | नभएको | ५ लाख | |
| २ | स्यालटाकुरा भुइनाउरे पुल चौरजहारी ३ र ८ | सडक पुल | १४० मी. ७ स्पान | नभएको | ५ लाख | |
| ३ | कुरल नाखिरा मनकोट लिफ्ट खानेपानी चौरजहारी १-४ | लिफ्ट खानेपानी | ३ कि.मी. | नभएको | ७ लाख | |

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख